# प्रदेश लोक सेवा आयोग
## कर्णाली प्रदेश, सुर्खेत

**माननीय प्रदेश प्रमुख यज्ञराज जोशीज्यू समक्ष प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गरिएको।**

## प्रेस विज्ञप्ति

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशले मिति २०८२ साल असोज ०२ गते बिहिबारका दिन माननीय प्रदेश प्रमुखज्यू समक्ष आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका कार्यहरू समेटी वार्षिक प्रतिवेदन पेश गरेको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ६६ मा आयोगले गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। ऐनमा व्यवस्था भए अनुरुप प्रदेश लोक सेवा आयोगले विक्रम संवत् २०७८ सालदेखि हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्दै आएको छ। आयोगवाट आर्थिक वर्ष २०८१/०८२ को कामकारवाही समेटी प्रस्तुत भएको यो प्रतिवेदन पाँचौं वार्षिक प्रतिवेदन हो।

आयोगका तर्फबाट वार्षिक प्रतिवेदन पेश गर्दै माननीय का.वा. अध्यक्ष बसन्ती कुमारी सिंह शाहीले प्रतिवेदनमा समावेश भएका विषयका बारेमा विवरण प्रस्तुत गर्नुभयो। प्रतिवेदन ग्रहण गर्दै माननीय प्रदेश प्रमुख यज्ञराज जोशीज्यूले आयोगबाट सम्पादित कामकारवाही उपर प्रशंसा गर्दै धन्यवाद व्यक्त गर्नुभयो। साथै सीमित स्रोतका बाबजुदपनी आयोगले विश्वसनीयता कायम गर्नेछ भन्ने अपेक्षा र विश्वास व्यक्त गर्नु भयो।

वार्षिक प्रतिवेदनमा आयोगको कार्यसम्पादनका आधारहरू, प्रशासनिक तथा वित्तीय स्थिति, विज्ञापन र दरखास्तसम्बन्धी विवरण, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारण सम्बन्धमा आयोगबाट भए गरेका कार्यहरू, परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता तथा सिफारिस, समावेशी पदपूर्तिका लागि सञ्चालन भएका लिखित परीक्षा तथा लिखित परीक्षाबाट उम्मेदवार छनौट भएको विवरण, विभिन्न सेवासम्बन्धी कानूनमा उपलब्ध गराइएको परामर्श र बढुवा उजुरीमा आयोगबाट भएका निर्णयसम्बन्धी विवरण समावेश हुनुका साथै आयोग जिम्मेवारी निर्वाहमा देखापरेका कठिनाइ र गरिनुपर्ने सुधार लगायत विषयमा सुझावहरू प्रस्तुत गरिएको छ।

**आर्थिक वर्ष २०८१/०८२ को अवधिमा आयोगबाट सम्पादन भएको मुख्य-मुख्य कार्यहरूः**

- प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ र प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ मा तेस्रो संशोधन गरिएको छ।
- आ.व. २०८१/०८२ मा प्रदेश निजामती सेवा र स्थानीय सेवाका विभिन्न सेवा/समूह/तह/पदका जम्मा ६१ वटा पाठ्यक्रम नयाँ निर्माण तथा परिमार्जन गरिएको छ।
- कर्णाली प्रदेश सरकार र स्थानीय तहहरूमा अधिकृतस्तर आठौं र सातौं तह, सहायकस्तर पाँचौं र चौथो तहका रिक्त पदको पदपूर्तिका लागि आयोगद्वारा आ.व. २०८१/०८२ को वार्षिक कार्यतालिका बमोजिम १७९ वटा विज्ञापन नम्बरबाट कुल ४३८ वटा पदसंख्याको लागि दरखास्त आव्हान गरिएको थियो।

आयोगबाट प्रकाशित विज्ञापनमध्ये प्रदेश निजामती सेवा र स्थानीय सेवाका बढुवा, अन्तरतह प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितातर्फ आठौं तहका ३४ वटा, सातौं तहका ८९ वटा, पाँचौं तहका १३० वटा, चौथौ तहका १८५ वटा गरी जम्मा ४३८ पदसंख्याका लागि विज्ञापन प्रकाशन गरिएको थियो। जसमध्ये ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा ४० वटा, कार्यक्षमताको मूल्याङ्कनद्वारा ३५ वटा, आन्तरिक अन्तर सेवा प्रतियोगितातर्फ २६ वटा, आन्तरिक अन्तर समूह प्रतियोगितातर्फ ५ वटा, अन्तर तह प्रतियोगितातर्फ १ वटा, आन्तरिक प्रतियोगितातर्फ १५ वटा, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा १० वटा, खुला प्रतियोगितातर्फ २१२ वटा र समावेशी प्रतियोगितातर्फ ९४ वटा पदसंख्याको विज्ञापन प्रकाशन गरिएको थियो।

- आ.व. २०८१/०८२ मा प्रकाशित विज्ञापनबाट अनलाईन दरखास्त आव्हान गरिएकोमा अधिकृतस्तर सातौं तहमा २ हजार ७९९, सहायकस्तर पाँचौं तहमा १२ हजार ३०७, सहायकस्तर चौथो तहमा २१ हजार ६४ गरी कुल जम्मा ३६ हजार १७० दरखास्त प्राप्त भएका थिए। प्राप्त भएका दरखास्त मध्ये महिला १६ हजार १२८ (४४.५९ प्रतिशत) र पुरुष २० हजार ४२ (५५.४१ प्रतिशत) रहेका छन्। कुल दरखास्तमध्ये ५७.०३ प्रतिशत कर्णाली प्रदेशका रहेका छन्।
- आर्थिक वर्ष २०८१/०८२ मा ९५ वटा लिखित परीक्षा सञ्चालन गरिएका छन्।
- आ.व. २०८१/०८२ मा १८२ महिला र ५२८ पुरुष गरी जम्मा ७१० जना उम्मेदवारहरू सिफारिस गरिएको छ। जसमध्ये समावेशी समूह अन्तर्गत सबैभन्दा बढी महिलातर्फ ७२ जना सिफारिस भएका छन्।
- आयोगको अनलाईन दरखास्त प्रणाली अद्यावधिक तथा इन्ह्यान्समेन्ट गरी व्यवस्थित बनाइएको छ। परीक्षा दस्तुर बुझाउने र परीक्षा केन्द्र निर्धारण तथा परीक्षामा खटिने जनशक्ति व्यवस्थापनलाई अनलाईन प्रणालीमा आवद्ध गरिएको छ। परीक्षामा खटिने जनशक्ति एवम् उम्मेदवारहरुलाई एस.एम.एस. मार्फत परीक्षा सम्बन्धी सूचना सम्प्रेषण गर्ने गरिएको छ।

आयोगको वार्षिक प्रतिवेदन पेश गर्ने कार्यक्रममा आयोगका पदाधिकारीहरू, प्रदेश लोक सेवा आयोग र प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो।

२०८२ साल असोज ०२ गते, बिहिबार
वीरेन्द्रनगर, सुर्खेत।

पदम बहादुर बुढा क्षेत्री
उपसचिव/प्रवक्ता